**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८२।८३ को तेह्रौं कार्यपालिका बैठकका निर्णयहरु

*(मितिः २०८३।०१।३१ गते)*

**प्रस्तावहरुः**

१. बृहत घोप्टेखोला खानेपानी आयोजनाको साझेदारी रकम जम्मा गर्ने सम्बन्धमा।

२. दीर्घ रोगीहरुले पाउनुपर्ने तेस्रो त्रैमासिकको रकम भुक्तानी सम्बन्धमा।

३. अतिक्रमणमा परेका सार्वजनिक तथा सरकारी जग्गाहरुको अभिलेख तयार गर्ने सम्बन्धमा।

४. नगर प्रहरी जवान विदा स्वीकृत नगराई गैर हाजिर भएको विषय सम्बन्धमा।

५. चन्द्रोदय आ.वि. बेनपा-३ र ज्ञानकुञ्ज आ.वि. बेनपा-१ सम्बन्धी निर्णय पुनरावलोकन सम्बन्धमा।

६. विविध सम्बन्धमा।

**निर्णयहरुः**

१. खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, पोखराको MOU बमोजिम लागत सहभागिता रकम कार्यालयको विविध खातामा जम्मा गर्ने सम्बन्धी च.नं. ३५८, मिति २०८३/०१/२१ को पत्रको विषयमा छलफल भयो। बेनी नगरपालिका, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय पोखरा र वृहत घोप्टेखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति म्याग्दी बीचको त्रिपक्षीय समझदारीपत्रमा उल्लेख भए बमोजिम नगरपालिकाबाट जम्मा गर्नुपर्ने भनी पत्रमा उल्लेख भई आएको रु. ७९,४२,६९९।७४ मध्ये चालु आर्थिक वर्षको लागि समपुरक तथा साझेदारी कोष शिर्षकमा विनियोजन भएको रकमबाट पहिलो चरणमा रु. ३५,००,०००।– (पैँतिस लाख मात्र) आयोजना कार्यालयको विविध खातामा जम्मा गर्ने।

२. क्यान्सर, मुटुरोग, मृगौला रोग जस्ता घातक प्रकृतिका रोग लागी उपचाररत रहेका दीर्घ रोगीहरुले नियमानुसार प्राप्त गर्ने रकम चालु आर्थिक वर्षको तेस्रो त्रैमासको लागि अपुग भई नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा माग गरिएकोमा सो रकम प्राप्त हुन ढिलाई भएकोले सो रकम प्राप्त भए पछि शोधभर्ना हुने गरी हाललाई चालु तर्फको कुनै उपयुक्त शिर्षकबाट भुक्तानी गर्ने।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

३. नेपाल सरकारबाट स्वीकृत भएको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ मा
उल्लेख भएको सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने,
निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने विषय कार्यान्वयनको
सन्दर्भमा नेपाल सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय म्याग्दीबाट लेखी आएको विषयमा
छलफल भयो । तत् सम्बन्धमा यस बेनी नगरपालिका क्षेत्रभित्र सार्वजनिक तथा सरकारी जग्गाहरु
अतिक्रमण तथा कब्जा भए नभएको विषयमा अध्ययन गरी अभिलेख तयार गर्न तथा अतिक्रमित जग्गा
हटाउनका लागि त्यस्ता जग्गाको प्रारम्भिक विवरण तयार पार्न ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने ।

४. यस नगरपालिकामा कार्यरत रहेका नगर प्रहरी जवान श्री अभिषेक मिजार नियमानुसार बिदा स्वीकृत
नगराई गैर हाजिर बसेको विषय, गैर हाजिर बस्नुको आधार र कारण सहित जवाफ पेश गर्न नगर
कार्यपालिकाको कार्यालयबाट निजलाई प्रेषित पत्र र निज जवानबाट पेश भएको जवाफका सम्बन्धमा
बैठकमा छलफल भयो । नगर प्रहरी जवान जस्तो संवेदनशील पदमा रहेर सेवा गर्ने व्यक्ति मनासिव
कारणबिना गैर हाजिर बसेको विषय यस नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन तथा व्यवस्थापन
सम्बन्धी कार्यविधि, २०७९ मा उल्लेखित बिदा सम्बन्धी प्रावधान विपरीत र आचरण उल्लङ्घनको
विषय भएकोले सो कार्यविधिको दफा ११ को उपदफा (२) तथा दफा १२ को उपदफा (२) को देहाय (४)
बमोजिम निज अभिषेक मिजारलाई भविष्यमा यस नगरपालिकाको सेवामा अयोग्य नठहरिने गरी नगर
प्रहरी सेवाबाट बर्खास्त गर्ने ।

५. मिति २०८२/१२/२७ को कार्यपालिकाको बैठकको निर्णय अनुसार कक्षा घटुवा गरिएको चन्द्रोदय
आधारभूत विद्यालय, बे.न.पा. ३ भकिम्लीको स्थलगत अध्ययनका आधारमा निर्णय पुनर्विचार गर्नुपर्ने
देखिएकोले चालु शैक्षिक सत्रमा सो विद्यालयलाई साविक बमोजिम कक्षा ५ सम्म सञ्चालन गर्ने गराउने ।
त्यस्तै गरी ज्ञानकुञ्ज आधारभूत विद्यालय बे.न.पा. १ लाई कक्षा घटुवा गरी बालकक्षा मात्र सञ्चालन गर्ने
।

६. विविध विषयका सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क) यस नगरपालिकाको वडा नं. ९ अन्तरगत पर्ने तोरीपानी-ढोल्ठान-ढावा सडक स्तरोन्नतीको लागि स्थानीयबासी र वडा कार्यालयबाट पटक पटक अनुरोध भइ आएकोमा स्रोत अभावका कारण नगरपालिकाबाट स्तरोन्नती कार्य अगाडी बढाउन नसकिएकोले सो सडक स्तरोन्नती कार्यका लागि बजेट विनियोजन हुन गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा माग गरी पठाउने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

ख) बेनी-अर्थुङ्गे- पुलाचौर सडकका विभिन्न ठाउँमा सडक बिग्रिन गई सवारी साधन आवागमनमा कठिनाई हुनुका साथै दुर्घटनाको समेत जोखिम देखिएकोले सम्भावित विपद जोखिम न्यूनीकरण गर्नको लागि पूर्वाधार शाखाबाट लागत अनुमान तयार गर्न लगाई वर्षातको समय सुरु हुनु अगावै सडक मर्मत सम्पन्न गर्न मर्मत कार्य अगाडी बढाउने।

ग) रकम अभावका कारण निर्माण सम्पन्न हुन नसकेको वडा नं. १० को निर्माणाधीन बैठक हल निर्माणलाई पूर्णता दिनुपर्ने देखिएकोले ठेक्का व्यवस्थापनबाट बचेको रकम र वडाको शिर्षकबाट स्रोत व्यवस्थापन गर्ने गरी प्राविधिकबाट लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत चालु आर्थिक वर्ष भित्रै निर्माण कार्य सम्पन्न गर्ने।

घ) वडा नं. ८ स्थित बालमन्दिर माध्यमिक विद्यालयमा छत ढलान तथा कक्षाकोठा निर्माण कार्यलाई व्यवस्थित गरी विपद् जोखिम न्यूनीकरण गर्न वडा नं. ८ तर्फ विपत् अन्तरगत विनियोजित बजेट, विद्यालयको लागि वडातर्फ विनियोजित रकम र विद्यालयको रकमबाट जम्मा रु. १२ लाख स्रोत व्यवस्थापन गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण कार्य अगाडी बढाउने।

ङ) कक्षा ५ को उपलब्धी मापन परीक्षा सञ्चालन बापतको खर्च चालु आर्थिक वर्षको लागि स्वीकृत युवा विद्यार्थीसँग मेयर कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने।

च) यस नगरपालिकाबाट ठेक्का आव्हान भएको बगुवा खोला बगरबाट तोकिएको परिमाणको ढुंगा, गिटी, बालुवा उत्खनन तथा संकलन कार्यमा समय अभावका कारण हेभी इक्युपमेण्ट प्रयोग गर्नुपर्ने अवस्था देखिएकोले बढीमा एक वटा सम्म हेभी इक्विपमेण्ट प्रयोग गर्न अनुमति दिने गरी ठेक्का सम्झौता गरी राजस्व असूली गर्ने।

छ) डिभिजन वन कार्यालय, बेनी म्याग्दीको सुझाव कार्यान्वयन गर्ने सम्बन्धी च.नं. ६६८, मिति २०८३/१/१६ को पत्रका सम्बन्धमा बैठकमा छलफल भयो। सो सम्बन्धमा नेपालको प्रचलित कानून र संवैधानिक निकायका सुझावहरुलाई सम्मान गर्दै उपयुक्त विकल्पको खोजी गरी पशु वधशाला सम्बन्धी समस्याको दीर्घकालीन समाधान निकाल्न सर्वपक्षीय सहयोग जुटाउन पहल गर्ने।

ज) चालु आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्नुपर्ने अवस्थामा जेष्ठ पन्ध्र गते भित्र सम्झौता गरी कार्यान्वयनमा लैजाने र बिल भरपाई सहित असार पन्ध्र गते भित्र भुक्तानीको लागि नगरपालिकामा पेश गर्ने गराउने।

नगर कार्यपालिकाको कार्यालय बेनी नगरपालिका बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख